# स्वरोजगार लघुवित्त वित्तीय संस्था लि.

नेपाल राष्ट्र बैंकबाट 'घ' वर्गको इजाजतपत्रप्राप्त वित्तीय संस्था (राष्ट्रिय स्तरको कार्यक्षेत्र भएको)

## SWAROJGAR LAGHUBITTA BITTIYA SANSTHA LTD.

दर्ता नं.: ११३७/०६६/०६७
केन्द्रिय कार्यालय
बनेपा, काभ्रेपलाञ्चोक
टेलिफोन नं.: ०११-६६१०६०
फ्याक्स नं.: ०११-६६१०६०
Email: info@slbbl.com.

च.नं. २३६/०७७/०७८

मिति :- २०७७/०८/१४

श्री नेपाल स्टक एक्सचेन्ज लिमिटेड

सिंहदरवार प्लाजा, काठमाण्डौं ।

विषय :- जानकारी संम्बन्धमा ।

महोदय,

उपरोक्त संम्बन्धमा यस स्वरोजगार लघुवित्त वित्तीय संस्था लिमिटेडको मिति २०७७ मंसीर १३ गते दिउसो ३:३० बजे वसेको संचालक समितिको २१२ औं बैठकले २०७७ आषाढ मसान्त सम्मको सञ्चित मुनाफा तथा आ.ब. २०७६/७७ को मुनाफा रकमबाट वित्तीय संस्थाका शेयरधनीहरुलाई हाल कायम रहेको चुक्ता पुंजी रु. ३४,१६,१२,१२०/- (अक्षरुपी, चौतीस करोड सोह्र लाख बाह्र हजार एक सय वीस रुपैया मात्र) को तपशिल वमोजिमको नगद तथा वोनश शेयर वितरण गर्नका लागि नेपाल राष्ट्र बैंकबाट स्वीकृति भई आए पश्चात आगामी वार्षीक साधारण सभामा स्वीकृतिको लागि पेश गर्ने निर्णय गरिएको ब्यहोरा जानकारीको लागि अनुरोध छ ।

साथै नेपाल राष्ट्र बैंक र यस वित्तीय संस्थाको वार्षीक साधारण सभाबाट स्वीकृत र पारीत भई आए पश्चात मात्र सो लाभांश वितरण गरिने ब्यहोरा समेत जानकारीका लागि हार्दिक अनुरोध गर्दछौं ।

तपशिल

बोनश शेयर : हाल कायम चुक्ता पुंजीको १३.२७३ प्रतिशतले हुने रकम रु. ४,५३,४२,१७७/-(अक्षरुपी, चार करोड त्रिपन्न लाख बयालीस हजार एक सय सतहत्तर रुपैया मात्र)

नगद लाभाशं : हाल कायम चुक्ता पुंजीको ०.६९८५७८९ प्रतिशतले हुने रकम रु. २३,८६,४३०.३७ (अक्षरुपी, तेइस लाख छयासी हजार चार सय तीस रुपैंया सैतिस पैसा मात्र) बोनश शेयर कर प्रयोजनार्थ ।

कुल लाभांश : हाल कायम चुक्ता पुंजीको १३.९७१५७८९ प्रतिशतले हुने रकम रु.४,७७,२८,६०७.३७ (अक्षरुपी, चार करोड सतहत्तर लाख अट्ठाईस हजार छ सय सात रुपैया सैतिस पैसा मात्र) बोनश शेयर र कर प्रयोजनार्थ प्रस्ताव गरिएको नगद लाभांश समेत गरी ।

भवदीय,

मनोज कृष्ण उप्रेती

कम्पनी सचिव